- गाउँपालिकामा तालिम सञ्चालन गर्दा स्थानीय शिक्षक, बुद्धिजिवी, समाजसेवी, स्वयमसेवक लगायत सरोकारवालाहरुसँग समन्वय गर्ने र सेवा प्राप्त गर्न पहल गर्ने
- अपाङ्गता भएका व्यक्तिहरुलाई विकास निर्माण सम्बन्धी क्रियाकलाप तथा सार्वजनिक सरोकारका विषयमा समाहित गर्न समन्वय गर्ने
- अपाङ्गता भएका व्यक्तिहरुको अविलम्ब पहिचान एवं सेवा, परामर्श, पूर्वतयारी कक्षा सञ्चालन, समाहित शिक्षा, विशेष शिक्षा, तालिम (रोजगार र व्यावसायिक तालिम), स्वास्थ्य उपचार सेवा, स्याहार र रेखदेख सेवा उपलब्ध गराउन मद्दत गर्ने
- अपाङ्गता भएका व्यक्ति, परिवार, स्थानीय तहका पदाधिकारी, समुदायका लागि अपाङ्गता निरोध, न्यूनिकरण एवं उपचारात्मक लगायत सचेतना समबन्धी तालिम, कार्यक्रम, गोष्ठी, सभा, अन्तर्क्रिया सञ्चालन गर्ने गराउने
- अपाङ्गता भएका व्यक्तिलाई आवश्यक पर्ने सहायक सामग्री उपलब्ध गराउने
- अपाङ्गता भएका व्यक्तिको हक अधिकारको संरक्षण एवं प्रबर्द्धन गर्न अन्य क्रियाकलाप गर्ने

**५. कार्यक्रम अवधि** : १ महिना

**६. विनियोजित बजेट** : रु. ३,००,०००।-

**७. प्रतिवेदन** : कार्यक्रम सम्पन्न भए पश्चात प्रगति प्रतिवेदन पेश गर्नुपर्ने ।

**८. भुक्तानी** : कार्यक्रम सम्पन्न भए पश्चात कार्यप्रगति प्रतिवेदन तथा समन्वय तथा अनुगमन समितिको सिफारिसको आधारमा एकमुष्ट सोधभर्ना दिइनेछ ।

९. कार्यक्रम अपाङ्गता भएका व्यक्तिहरुका लागि समुदायमा आधारित पुर्नस्थापना (सिबिआर) सहयोग कार्यक्रम कार्यान्वयन गर्नको लागि संस्था छनोट सम्बन्धी मापदण्ड, २०७७ र प्रदेश सरकारको सशर्त अनुदानको बार्षिक कार्यक्रम कार्यान्वयन मार्गदर्शन बमोजिम सञ्चालन हुनेछ ।